अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

चिशंखुगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ७ | संख्या: १ | मितिः २०८१/०१/०९

भाग-२

## चिशंखुगढी गाउँपालिका

चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालयको

<u>सूचना</u>

## <u>चिशंखुगढी गाउँपालिकाको शिक्षा (चौंथो संशोधन) नियमावली, २०८१</u>

कार्यपालिकाबाट स्वीकृत मिति: २०८१/०१/०९

राजपत्रमा प्रकाशित मिति: २०८१/०१/०९

चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, चिशंखुगढी शिक्षा ऐन, २०७५ को दफा ३७ ले दिएको अधिकार प्रयोग गरी चिशंखुगढी गाउँपालिकाले देहायका नियमहरू संशोधन गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम " चिशंखुगढी गाउँपालिकाको शिक्षा (चौथो संशोधन) नियमावली, २०८१" रहेको छ।
(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत

२. चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ मा संशोधनः

| चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ मा रहेको: (हालको नियम ५५ को उपनियम ६) | चिशंखुगढी गाउँपालिकाको शिक्षा नियमावली, २०७६ मा संशोधनः (संशोधित नियम ५५ को उपनियम ६) |
| --- | --- |
| उपनियम ३ बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नु पर्नेछ । तर विज्ञान, गणित, लेखा, अङ्ग्रेजी र प्राविधिक धारका विषयमा करार शिक्षक उपलब्ध नभएमा छनौट समितिले पुनः विज्ञापन गरी सम्बन्धित विषयमा कम्तीमा स्नातक गरेका उम्मेदवारलाई प्रक्रिया पुर्याई विद्यालय व्यवस्थापन समितिले करार नियुक्ति दिन सक्नेछ । | उपनियम ३ बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, अध्यापन अनुमतिपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि निवेदन साथ पेश गर्नु पर्नेछ । निवेदन पेश गरेका उम्मेदवारलाई प्रक्रिया पुर्याई विद्यालय व्यवस्थापन समितिले करार नियुक्ति दिन सक्नेछ। तर विज्ञान, गणित, लेखा, अङ्ग्रेजी र प्राविधिक धारका विषयमा करार शिक्षक उपलब्ध नभएमा छनौट समितिले पुनः विज्ञापन गरी सम्बन्धित विषयमा निम्न माध्यामिक तहको लागि कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरह उतिर्ण गरेको तथा माध्यामिक तहका लागि कम्तीमा स्नातक वा सो सरह उतिर्ण गरेको उम्मेदवारलाई प्रक्रिया पुर्याई विद्यालय व्यवस्थापन समितिले करार नियुक्ति दिन सक्नेछ । पुनः विज्ञापन गर्दा अध्यापन अनुमतिपत्र अनिवार्य मानिने छैन। |

आज्ञाले
सिताराम राई
प्रमुख प्रशासकीय अधिकृत